मिति २०८२/१०/१ गतेका दिन थुलुङ दुधकोशी गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री असिम राईज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा निम्न उपस्थिति बीच तपसिलका प्रस्तावहरू उपर छलफल गरी देहाय बमोजिम निर्णयहरू सर्वसम्मतिबाट पारित गरियो।

| सि.नं. | नाम र थर | पद | दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | असिम राई | अध्यक्ष | | ९८५१०३८२९१ |
| २ | सविता राई | उपाध्यक्ष | | ९८६३९१००३४ |
| ३ | घनराज सुनुवार | १ नं. वडा अध्यक्ष | | ९८५१०४७२४४ |
| ४ | युजन बस्नेत | २ नं. वडा अध्यक्ष | | ९८११८१५४०४ |
| ५ | ईन्द्रमणि दाहाल | ३ नं. वडा अध्यक्ष | | ९८६९२२५०१४ |
| ६ | श्याम कुमार गुरुङ | ४ नं. वडा अध्यक्ष | | ९८५१००९०८७ |
| ७ | चन्द्र बहादुर राई | ५ नं. वडा अध्यक्ष | | ९८४४४९५२५५ |
| ८ | महेन्द्रदीप राई | ६ नं. वडा अध्यक्ष | | ९८५१०६४७५८ |
| ९ | भोजराज कार्की | ७ नं. वडा अध्यक्ष | | ९८५२८५१००७ |
| १० | राजेश राई | ८ नं. वडा अध्यक्ष | | ९८६१२१२०७८ |
| ११ | सन कुमार तामाङ | ९ नं. वडा अध्यक्ष | | ९८६९८०६५९५ |
| १२ | बुद्धिराज राई | कार्यपालिका सदस्य | | ९८६१०६५७५८ |
| १३ | डिल्ली वि.क. | कार्यपालिका सदस्य | | ९८६०६३४७७७ |
| १४ | सरिता राई | कार्यपालिका सदस्य | | ९८६२४२२३५० |
| १५ | तमुना राई | कार्यपालिका सदस्य | | ९८४१९४३८६२ |
| १६ | तारा देवी श्रेष्ठ | कार्यपालिका सदस्य | | ९८६२१२३५३१ |
| १७ | सर्मिला हिङमाङ | कार्यपालिका सदस्य | | ९७४५२७४३४० |
| १८ | अजम्बर राई | सचिव | | ९८५२८६६१२३ |

प्रस्तावहरुः

१. अघिल्लो बैठक निर्णयहरूको समीक्षा सम्बन्धमा।
२. NWASH कार्यदल गठन तथा NWASH गणक छनोट सम्बन्धमा ।
३. करार कर्मचारीको करार म्याद थप सम्बन्धमा।
४. विपद पिडितका लागि राहत वितरण सम्बन्धमा ।
५. सोहौं अध्यक्ष कप खेलकुद खेल तथा सांस्कृतिक कार्यक्रमको खर्च अनुमोदन सम्बन्धमा ।
६. आ.व. २०८२\८३ को हाल सम्मको खर्च अनुमोदन सम्बन्धमा ।
७. योजनाको शीर्षकान्तर तथा रकमान्तर सम्बन्धमा ।
८. राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम संचालन सम्बन्धमा ।
९. लघु उद्यम कार्यक्रमका लागि वडा छनोट सम्बन्धमा ।
१०. मित्र राष्ट्र चीनबाट स्काभेटर तथा रोलर अनुदान सम्बन्धमा ।
११. शिक्षकको स्थानीय भत्ता तथा ECD शिक्षक, मातृभाषा शिक्षक, विद्यालय सहायक कर्मचारी र कार्यालय सहयोगीको सुविधा सम्बन्धमा ।
१२. ठेक्काको म्याद थप सम्बन्धमा ।
१३. आ.व. २०८२/८३ को विशेष अनुदान बजेट तथा कार्यक्रम सम्बन्धमा।
१४. दुधकोशी बेली ब्रिजको सडक बाटोको बजेट सम्बन्धमा ।
१५. ओगानेम दरबार घडेरी निर्माण तथा व्यवस्थापन कार्यक्रम सम्बन्धमा।
१६. आ.व. २०८३/८४ को लागि विशेष तथा समपूरक योजना माग सम्बन्धमा ।
१७. रोयल्टी मार्फत विनियोजन हुने योजना सम्बन्धमा ।
१८. विविध ।

**निर्णय नं १**- प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०८२/०८/०८ को कार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन सम्बन्धी समीक्षा गरियो । उक्त समीक्षामा अघिल्लो कार्यपालिकाको बैठकको निर्णय कार्यन्वयन भएको पाईयो।

**निर्णय नं २**- प्रस्ताव नं २ माथि छलफल गर्दा यस थुलुङ दुधकोशी गाउँपालिकाका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्ने कार्यको सम्पूर्ण समन्वय, निर्देशन र निगरानी गर्ने उद्देश्यले तपशिल बमोजिमको एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | भोजराज कार्की | संयोजक |
| २ | महेन्द्रदीप राई | सदस्य |
| ३ | श्याम कुमार गुरुङ | सदस्य |
| ४ | मिन प्रसाद कोईराला | सदस्य |
| ५ | कुमार खड्का | सदस्य |
| ६ | नागेन्द्र बस्नेत | सदस्य |
| ७ | उद्धव ढुंगाना | सदस्य सचिव |

खा.स.स्व. योजना तयारीका प्रत्येक चरणको प्रगतीको निगरानी गर्न एक प्रभावकारी अनुगमन प्रणाली विकास गर्ने निर्णय गरियो । यसका लागि गाँउपालिकाको अध्यक्षको उपाध्यक्षतामा ५ सदस्यीय अनुगमन समिति निर्माण गर्ने निर्णय गरियो।

| | |
|---|---|
| १.श्री सविता राई, | अध्यक्ष |
| २. श्री अजम्बर राई, प्रमुख प्रशासकीय अधिकृत, | सदस्य |
| ३. श्री धनराज सुनुवार | सदस्य |
| ४. तमुना राई | सदस्य |
| ५. बुद्दिराज नेपाली | सदस्य |

साथै खा.स.स्वच्छता योजना तयारीका लागि गठन गरिएको कार्यदल र कार्यदलको निम्न अनुसारको कार्यादेश औपचारिक रूपमा स्वीकृत गर्ने निर्णय गरियो।

क. योजना तयारीका हरेक चरणमा गठित कार्यदलले नेतृत्वदायी भूमिका निर्वाह गर्ने ,

ख. संकलन भएका तथ्याङ्कको पुनरावलोकन गर्ने,

ग. खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको प्राथमिकिकरण गर्ने मापदण्ड बनाउने र त्यसैको आधारमा प्राथमिकिरण गर्ने ,

घ. संकलन भएका तथ्याङ्कको परीक्षण र अन्तिम अनुमोदन प्रक्रियाहरू कार्यदलले गरि कार्यपालिकाबाट अनुमोदन गर्ने भन्ने निर्णय गरियो।

**निर्णय नं ३** - प्रस्ताव नं ३ माथि छलफल गर्दा यस थुलुङ दुधकोशी गाउँपालिकामा मिति २०८२ सावन १ देखि २०८२ पौष मसान्त सम्म यस गाउँपालिकाद्वारा करार सम्झौता गराईएका थुलुङ दुधकोशी गाउँपालिका अस्पतालमा करार सेवामा **Lab Technician** पदका शिव बोहोराको सम्झौता रद्द गर्ने तथा सोही अस्पतालमा स्टाफ नर्स पदमा

कार्यरत सपना गिरीको करार सम्झौताको म्याद थप नगर्ने र बाकि अन्य करार कर्मचारीहरूको करार सम्झौता मिति २०८२ माघ १ देखि २०८३ असार मसान्तसम्मको लागि करार सम्झौताको म्याद थप गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

<u>निर्णय नं ४</u>- प्रस्ताव नं ४ माथि छलफल गर्दा मिति २०८२ साल भाद्र महिनामा आएको ठूलो झरी तथा बाढीको कारण यस गाउँपालिका भित्रका विभिन्न वडाका नागरिकहरुको निजि आवास, पशु चौपाय, अन्नबाली तथा सार्वजनिक सम्पत्ति लगायतमा भएको क्षतिको विषयमा यस गाउँपालिकाका उपाध्यक्ष श्री सबिता राईज्यूको संयोजकत्वमा गठन भएको समितिले मिति २०८२/६/५ गते बसेको बैठकको निर्णयानुसार जम्मा ६१ (एकसठ्ठी) जनाको क्षतिको विवरण, प्रहरी मुचुल्का तथा प्राप्त अन्य कागजातको आधारमा सिफारिस भई आएको राहत रकम सम्बन्धित पिडितहरुको बैंक खातामा उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

<u>निर्णय नं ५</u>- प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिकामा वार्षिक रुपमा संचालन हुदै आएको अध्यक्ष कप रनिङ शिल्ड प्रतियोगिता कार्यक्रमको संयोजक यस गाउँपालिकाको उपाध्यक्ष श्री सबिता राईज्यूको अध्यक्षतामा मिति २०८२/९/२३ गते बसेको समितिको बैठकको निर्णयानुसार उक्त कार्यक्रममा भएका विभिन्न शीर्षक अन्तर्गतका सम्पूर्ण खर्च अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं ६</u>- प्रस्ताव नं ६ माथि छलफल गर्दा यस थुलुङ दुधकोशी गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को पौष मसान्तसम्मको सम्पूर्ण खर्च अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं ७</u> - प्रस्ताव नं ७ माथि छलफल गर्दा आ व २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत विभिन्न पालिका तथा वडाहरुबाट योजना तथा कार्यक्रमहरुको शीर्षकान्तर/रकमान्तर गर्ने सिफारिस बमोजिम देहायअनुसारका योजना तथा कार्यक्रमहरुको आसन्न पन्ध्रौं अधिवेशनबाट शीर्षकान्तर/रकमान्तर गर्न सभामा पेश गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>देहायः</u>

| सि.नं. | विनियोजन गरिएको शिर्षक | विनियोजित रकम रु | रकमान्तर/शीर्षकान्तर/ संशोधन वाट कायम गरिने खर्च शिर्षक | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | खसडी बस्नेत सेवा समाज जुबु-५ भवन निर्माण | २५००००.०० | दुईकोठे शौचालय निर्माण तथा मन्दिर घेरावार-५ | २५००००.०० | वडा नं.५ को सिफारिस तथा निर्णय बमोजिम |
| २ | देउराली आधारभुत विद्यालय भवन निर्माण | ९०००००.०० | देउराली आधारभुत विद्यालयको भवन फिनिसिङ्ग-७ | ९०००००.०० | वडा नं.७ को सिफारिस तथा निर्णय बमोजिम |